# सुनवल सामुदायिक बिकास केन्द्र

**सुनवल, नवलपरासी**
**२४औं वार्षिक साधारण सभामा**
**संस्थाको सचिव श्री जयराम बस्यालद्वारा पेश गरिएको**
**आ.ब. २०८०।८१ को प्रगति प्रतिवेदन तथा आ.ब २०८१।८२ को नीति तथा कार्यक्रम**

यस सुनवल सामुदायिक विकास केन्द्रको २४औं वार्षिक साधारण सभाका सभाध्यक्ष एवं यस संस्थाका अध्यक्ष श्री सपना अधिकारी थापाज्यू,

यस सभामा आफ्नो अमुल्य समय दिई पाल्नुभएका प्रमूख अतिथिज्यू, बिशिष्ट अतिथिज्यूहरु, बिशेष अतिथिज्यूहरु, यस संस्थाका संस्थापक अध्यक्ष श्री भिम बहादुर थापा क्षेत्रीज्यू, यस संस्थाका धरोहर पूर्वअध्यक्षज्यूहरु, संस्थाको संरक्षकज्यु, मञ्चाशीन अतिथिज्यूहरु, साझेदार संस्था युनाईटेड मिसन टु नेपालका क्लस्टर टिम लिडर सबु तामाङज्यू, विभिन्न संघसंस्थाबाट पाल्नुहुने संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु, धर्मगुरु तथा विभिन्न समूहका अध्यक्ष तथा प्रतिनिधिज्यूहरु, समाजसेवीज्यूहरु, जेष्ठ नागरिक दिवा सेवा केन्द्रका अध्यक्ष तथा प्रतिनिधिज्यूहरु, पत्रकारज्यूहरु, कार्यसमिति तथा उपसमितिका पदाधिकारी तथा सदस्यज्यूहरु, आदरणिय यस साधारण सभामा उपस्थित महानुभावहरु, यस संस्थाका मेरुदण्डका रुपमा रहनुभएका सदस्यज्यूहरु एवं संस्थाको उद्देश्यलाई पुरा गर्न कुशलतापूर्वक जिम्मेवारी निर्वाह गर्नुभएका यस संस्थाका परियोजना संयोजकज्यूहरु तथा सम्पुर्ण कर्मचारीहरु,

म सुनवल सामुदायिक विकास केन्द्रका २४औं वार्षिक साधारण सभा समारोहमा यस सुनवल सामुदायिक विकास केन्द्रको सचिवको तर्फबाट सम्पुर्णमा हार्दिक स्वागत गर्न चाहन्छु।

यस संस्थाको सचिव पदमा रहि संस्थाको उद्देश्य र परिधिभित्र रहेर आफ्नो ज्ञान र कुशलताले भेटेसम्म यसबर्ष पनि आफुमा भएको उर्जा र अनुभवलाई तागत मान्दै आफ्नो जिम्मेवारी वहन गरि कार्य गरेको अनुभुति भएको छ । यस बर्षलाई सफल बनाउन प्रत्यक्ष एवं परोक्षरुपमा सहयोग गर्नुहुने सबैमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

यस केन्द्रले विगत देखि अपाङ्गता भएका व्यक्तिहरु, गरिबीका रेखामुनी रहेका मानिसहरु, द्वन्द्व पिडित, सिमान्तकृत समुदाय, लोपोन्मुख जातिहरु, किशोरकिशोरीहरु, दलित, मुस्लिम, एकल महिला, जेष्ठ नागरिक, उपेक्षित महिला, बालबालिका, एच. आई. भि. प्रभावित व्यक्तिहरु, अनाथ बालबालिकाहरुका लागि काम गर्दै आएको छ। लक्षित समुदायलाई केन्द्रविन्दुमा राखेर संस्थाको परिकल्पना, ध्येय, उद्देश्य परिपुर्ति गर्न हामी सबै लागि रहेका छौ ।

संस्थाले युनाईटेड मिसन टु नेपालको साझेदारीमा पाल्हीनन्दन गाँउपालिकाको वडा न.. ५ र ६ मा आ.ब. २०७६।७७ देखि लैंगिक समानता परियोजना, पाल्हीनन्दन गाँउपालिकाको वडा

नं. १, २, ३ र ४ मा २०७८ असार १७ गते देखि घरेलु हिंसा न्यूनिकरणका लागि सामुदायिक मेलमिलाप तथा संवाद परियोजना पाल्हिनन्दन गाँउपालिकामा र आ.ब. २०७९।८० देखी अपाङ्गता समावेशी विकास परियोजना पाल्हिनन्दन एवं प्रतापपुर गाँउपालिकामा गरि कुल ३ वटा परियोजनाहरु सञ्चालन भईरहेको यस सभामा जानकारी गराउन चाहन्छु।

**आदरणिय यस सभाका सदस्यज्यूहरु,** अब म यसकेन्द्रको सचिवको हैसियतले आर्थिक बर्ष २०८०/०८१ मा सम्पन्न संस्थागत कार्य प्रगति विवरण यस सभामा सभाध्यक्षज्यूसंग पेश गर्ने अनुमति माग्दछु ।

१. कार्य समितिको मासिक बैठक प्रत्येक महिनाको ५ गते बस्ने गरेको । तर नियमित मासिक बैठक बाहेक आवश्यकता अनुसार बैठक बस्ने गरेकोछ।

२. संस्थामा खरिद उपसमिति, अनुगमन उपसमिति तथा लेखा परिक्षण उपसमिति गठन गरिएको र परियोजनालाई अझ सहज तथा चुस्तदुरुस्तरुपा सञ्चालन गर्नका लागि ३ वटै परियोजनाका लागि कार्यसमितिबाट सम्पर्क व्यक्ति (focal person) तोकिएको ।

३. संस्थाका अन्तरनिहित सवालहरु (Cross Cutting Issues) लाई मुलप्रवाहिकरण गर्न निम्न अनुसार सम्पर्क व्यक्ति तोकिएको ।

| **अन्तरनिहित सवालहरु** (Cross Cutting Issues) | **कार्य समितिको तर्फबाट फोकल प्रसन** | **कर्मचारी तर्फबाट फोकल प्रसन** |
|---|---|---|
| अपांगता समावेशिकरण | जयराम बस्याल | श्याम प्रसाद ढुंगाना |
| लैंगिक समानता | देव कुमारी घिमिरे | ज्योति सिंह राय |
| विवाद संवेदनशिलता | प्रदिप अर्याल | कृष्ण पाण्डे |
| पर्यावरण तथा जलवायु परिवर्तन | जयराम बस्याल | श्याम प्रसाद ढुंगाना |

४. लैगिक समानता परियोजना सम्झौता गरि नियमित रुपमा सञ्चालन भएको ।

५. घरेलु हिंसा न्यूनिकरणका लागि सामुदायिक मेलमिलाप तथा संवाद परियोजनाको सम्झौता भई नियमितरुपमा सञ्चालन भएको ।

६. अपांगता समावेशि विकास परियोजना सम्झौता भई नियमितरुपमा सञ्चालन भएको।

७. संस्थाको नियमित रुपमा नविकरण, आन्तरीक लेखा परिक्षण, बाह्य लेखा परिक्षण, सामाजिक लेखा परिक्षण सम्पन्न भएको ।

८. पृष्ठपोषण तथा गुनासो व्यवस्थापन संयन्त्र सञ्चालन निर्देशिका बमोजिम पुर्नस्थापना तथा समावेशी संयोजक राधा तिमिल्सिना सापकोटालाई सुचना अधिकारी तोकिएको।

९. संस्थाको स्थापना दिवसमा सुनवल १ स्थित लुम्बिनी मा.वि.मा रहेको श्रोत विद्यालयमा रु. ३५,०३५।- लगानी गरि फर्म सहित कोठामा कार्पेट लगाईएको छ ।

१०. अपाङ्ग बाल अस्पताल तथा पुर्नस्थापना केन्द्र (एच.आर.डि.सि.) बनेपाको सहकार्यमा प्रत्येक महिनाको दोस्रो बिहिबार अपाङ्गता परामर्श केन्द्र सञ्चालन गरिएको।

११. समुदाय, नेपाल सरकार तथा दातृ निकाय प्रति उत्तरदायि एवं जवाफदेहीता, पारदर्शिताको लागि बार्षिक समिक्षा कार्यक्रम भएको, अर्धबार्षिकरुपमा आन्तरिक लेखा

परिक्षण गर्ने  गरेको र त्यस्ता परिक्षणमा प्राप्त सल्लाह तथा सुझावहरुलाई कार्ययोजना बनाई लागु गर्ने गरिएको।

१२. परियोजनाहरुको नियमितरुपमा अनुगमन समिति, सम्पर्क व्यक्ति तथा कार्य समितिबाट अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको छ जसबाट प्राप्त सुझावलाई कार्यान्वयन गर्ने गरिएको छ ।

१३. संस्थाको विधान नीति, नियमावली, निर्देशिका, कार्यविधिहरु पुनरावलोकन गरि कार्य समिति छलफल गरिएको।

१४. आ.ब. २०८०।८१ मा सम्पन्न भएको कार्य समितिको बैठक विवरण

**जम्मा बैठकः २५ (१२ वटा मासिक बैठकहरु र १३ वटा अन्य बैठकहरु)**

| क्र.स. | नाम | पद | उपस्थिती | अनुपस्थित | उपस्थिती प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सपना अधिकारी थापा | अध्यक्ष | २० | ०५ | ७५% | कार्यवहाक दिईएकोले |
| २ | ठाकुर प्रसाद खनाल | उपाध्यक्ष | ०२ | २३ | ०८% | अनुपस्थित भएका बैठकहरुमा कुनै पनि जानकारी नआएको। |
| ३ | जयराम बस्याल | सचिव | २५ | ० | १००% | |
| ४ | देव कुमारी घिमिरे दवाडी | कोषाध्यक्ष | १७ | ०८ | ६८ % | |
| ५ | प्रदिप अर्याल | सह-सचिव | २१ | ०४ | ८४ % | |
| ६ | प्रतिमा बि.क. | सदस्य | १४ | ११ | ५६ % | |
| ७. | लक्ष्मि तिवारी | सदस्य | १८ | ०७ | ७२ % | |
| ८ | लक्ष्मि बस्याल | सदस्य | २३ | ०२ | ९२% | |
| ९ | देव लक्ष्मि कर्माचार्य श्रेष्ठ | सदस्य | १७ | ०८ | ६८ % | |
| १० | शमेशर चोखाल | सदस्य | २१ | ०४ | ८४ % | |
| ११ | गुणाखर पौडेल | सदस्य | २३ | ०२ | ९२% | |

**आदरणिय यस वार्षिक साधारण सभामा उपस्थित महानुभावहरु**

अब म यस सभामा निम्न प्रस्तावहरु पेश गर्न अनुमति चाहन्छु ।

१. यस वार्षिक साधारणसभाको निर्णय पुस्तिका प्रमाणिकरणका लागि ५ जना प्रतिनिधिहरु चयन गर्न प्रस्ताव पेश गर्दछु ।

२. आर्थिक बर्ष २०८१/८२ को बार्षिक प्रस्तावित निति तथा कार्यक्रमहरु पेश  गर्दछु।

२.१. संस्थाको आवधिक रणनैतिक योजना निर्माणका लागि प्रस्ताव पेश गर्दछु ।

२.२. संस्थामा विद्यमान नीति, नियम, नियमावली तथा निर्देशिकाहरुलाई समय सापेक्ष परिमार्जन र अद्यावधिक गर्दै लैजानका लागि कार्य समितिलाई अख्तियारी प्रदान गर्नका लागि प्रस्ताव पेश गर्दछु ।

२.३. कर्मचारी, संस्थाका पदाधिकारीहरु तथा सदस्यहरुलाई साझेदार संस्थासंग सहकार्य गरि वा संस्था आफैले पनि क्षमता अभिबृद्धि तालिमहरुको आयोजना गर्ने प्रस्ताव पेश गर्दछु ।

२.४. विवाद संवेदनशिलता, वातावरण संरक्षण, लैंगिक समानता तथा अपांगता समावेशी कार्यक्रम गर्ने प्रस्ताव पेश गर्दछु ।

२.५. मेलमिलाप सम्बन्धि तालिम प्रदायक संस्थाका रुपमा मेलमिलाप सम्बन्धि ऐन २०६८ अनुसार मेलमिलाप परिषदमा संस्थालाई सुचिकृत गराउनका लागि प्रस्ताव पेश गर्दछु । सो सम्बन्धि सम्पुर्ण अख्तियारी कार्य समितिलाई प्रदान गर्ने प्रस्ताव समेत पेश गर्दछु ।

२.६. सहभागितामुलक संस्थागत स्वः विश्लेष्णको अभ्यासलाई निरन्तरता दिने र त्यसको लागि आवश्यक कार्यविधि निर्माण गर्ने प्रस्ताव पेश गर्दछु ।

२.७. स्थानिय तहहरु(गाँउपालिका, नगरपालिका तथा जिल्ला समन्वय समिति)संग समन्वय र सहकार्य जोड दिईनेछ ।

२.८. संघिय तथा प्रदेश सरकारसंग सहकार्य र समन्वय गर्ने ।

२.९. संस्थामा विद्यमान परियोजनाहरुलाई निरन्तरता दिने र नयाँ परियोजनाका लागि आवश्यक कार्य गर्ने प्रस्ताव पेश गर्दछु ।

२.१०. देहायका परियोजनाहरु निरन्तरता दिने तथा सम्झौता गरि सञ्चालन गर्नेका लागि प्रस्ताव पेश गर्दछु ।

| क्र.स. | परियोजनाको नाम | दातृ निकाय | सुरु आ.ब. | कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | लैङ्गिक समानाता परियोजना | युनाईटेड मिसन टु नेपाल, नवलपरासी क्लष्टर | २०७६।७७ | पाल्हिनन्दन गाँउपालिकाका वडा नं. ५ र ६ | निरन्तर |
| २ | घरेलु हिंसा न्यूनिकरणका लागि सामुदायिक मेलमिलाप तथा संवाद परियोजना | युनाईटेड मिसन टु नेपाल, नवलपरासी क्लष्टर | २०७८।७९ | पाल्हिनन्दन गाँउपालिकाका वडा नं. १ देखी ४ सम्म | निरन्तर |
| ३ | अपाङ्गता समावेशि विकास परियोजना | युनाईटेड मिसन टु नेपाल , नवलपरासी क्लष्टर | २०७९।८० | पाल्हिनन्दन गाँउपालिका र प्रतापपुर गाँउपालिकाको सबै वडाहरु | निरन्तर |

२.११. जेष्ठ नागरिक दिवा सेवा कार्यक्रम सञ्चालन गर्नका लागि प्रस्ताव पेश गर्दछु।

२.१२. जिल्ला स्तरीय अल्पकालिन पुर्नस्थापना गृह प्रेषण सिफारिस र सहयोग गर्ने प्रस्ताव पेश गर्दछु ।

२.१३. बालबालिकाको संरक्षणको लागि बालबालिका (किशोर किशोरी) बेचविखन विरुद्धको अभियान सञ्चालन गर्ने प्रस्ताव पेश गर्दछु ।

२.१४. नयाँ परियोजनाको विकास गरी स्थानिय आवश्यकताको आधारमा परियोजना निर्माण गरि दातृ निकाय तथा स्थानिय निकायसंग समन्वय गर्ने प्रस्ताव पेश गर्दछु ।

२.१५. शिक्षा क्षेत्रमा पहुँच वृद्धिका लागि जिवन उपयोगी सीपमुलकसीप शिक्षा तथा छात्रावृत्ती कार्यक्रमलाई निरन्तरता दिने प्रस्ताव पेश गर्दछु ।

२.१६. परियोजनाको त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रतिवेदन माथि पुनरावलोकन गर्ने र सुझाव संकलन गरि कार्यान्वनमा ल्याउनलाई निरन्तरता दिने ।

२.१७. संस्थाको स्थापना दिवसलाई उत्सवको रुपमा मनाउने प्रस्ताव पेश गर्दछु ।

२.१८. राष्ट्रिय तथा अन्तराष्ट्रिय फोरमहरुसंग समन्वय गरी नयाँ संघसंस्था तथा सञ्जालसंग आवद्धता गर्ने तथा भइरहेकालाई निरन्तरता दिने प्रस्ताव पेश गर्दछु ।

२.१९. परियोजनागत सम्पर्क व्यक्तिको व्यवस्था गरी सेवासुविधा थप गर्ने प्रस्ताव पेश गर्दछु।

२.२०. कार्यालय र कार्यक्षेत्रमा अपाङगतामैत्री अवधारणा अवलम्बन गर्ने प्रस्ताव पेश गर्दछु।

२.२१. परियोजनाका कार्यक्रमहरुमा समिति, उपसमितिको संलग्नता वृद्धिका लागि सेवासुविधाको व्यवस्थालाई निरन्तरता प्रदान गर्ने प्रस्ताव पेश गर्दछु।

२.२२. प्रकोप पुर्वतयारी सचेतना पुर्नस्थापना तथा उद्धार कार्यक्रम संचालन गर्ने प्रस्ताव पेश गर्दछु ।

२.२३. अपाङ्गता परामर्श सेवालाई निरन्तरता दिने प्रस्ताव पेश गर्दछु ।

२.२४. संस्था तथा परियोजनामा तालिम, अन्तरक्रिया, गोष्ठि, कार्याशाला, दिवसिय कार्यक्रम सञ्चालन गर्ने तथा सहभागीता हुने प्रस्ताव पेश गर्दछु।

२.२५. संस्थामा आवश्यक पर्ने सम्पत्ति खरिद तथा भौतिक निर्माणलाई व्यवस्थापन गर्दै लैजाने प्रस्ताव पेश गर्दछु ।

३. सुनवल सामुदायिक विकास केन्द्रको विधान २०५७ को दोस्रो संसोधन २०८० सहितलाई पुर्नलेखन गर्नुपर्ने भएकाले नियमानुसार पुर्नलेखनको लागि कार्य समितिलाई अख्तियारी प्रदान गर्न प्रस्ताव पेश गर्दछु।

४. यस संस्थामा निम्न नीति तथा नियमावलीहरु खारेज तथा स्विकृतीको लागि पेश गर्दछु ।

४.१. **खारेजी गर्नुपर्ने नीति तथा नियमावलीहरु**

| खारेजी गर्नुपर्ने नीति | खारेजी गर्नुपर्ने कारण |
|---|---|
| ▪ द्वन्द्व संवेदनशील तथा व्यवस्थापन निति - २०७४ | ▪ विवाद संवेदनशिलता तथा विवाद व्यवस्थापन नीति-२०८१ लागु गरिने भएकाले |
| ▪ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निर्देशिका - २०७४ | ▪ लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशि नीति-२०८१ लागु गरिने भएकाले |
| ▪ आर्थिक व्यवस्थापन तथा प्रशासनिक नियमावली - २०६६ | ▪ प्रशासनिक तथा वित्तिय व्यवस्थापन नियमावली - २०८१ लागु गरिने भएकाले |
| ▪ कर्मचारी व्यवस्थापन नियमावली - २०६६ | ▪ मानव संसाधन नियमावली - २०८१ लागु गरिने भएकाले |
| ▪ स्वयंसेवक व्यवस्थापन नियमावली - २०६८ | ▪ मानव संसाधन नियमावली - २०८१ लागु गरिने भएकाले |
| ▪ बाल संरक्षण निति - २०७४ | ▪ कार्यस्थलमा हुने यौन दुर्व्यवहार, यौनशोषण तथा यौन उत्पीडन रोकथाम सम्बन्धी निति -२०७९ ( पहिलो संसोधन २०८१) लागु गरिने भएकाले |

४.२. **स्विकृत गर्नुपर्ने नीति तथा नियमावलीहरु**

- विवाद संवेदनशिलता तथा विवाद व्यवस्थापन नीति-२०८१
- लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशि नीति-२०८१
- खरिद नीति - २०८१
- स्वार्थको द्वन्द्व रोकथाम नीति -२०८१ (conflict of Interest Prevention Policy-2081)
- प्रशासनिक तथा वित्तिय व्यवस्थापन नियमावली - २०८१
- मानव संसाधन नियमावली - २०८१
- पृष्ठपोषण तथा गुनासो व्यवस्थापन संयन्त्र सञ्चालन निर्देशिका-२०८१

५. यस संस्थामा विद्यमान नीति, नियम तथा नियामवलीहरु मध्ये निम्न निीति, नियम तथा नियमावलीहरुलाई संसोधनको लागि प्रस्ताव पेश गर्दछु ।

- जलवायु परिवर्तन सम्बन्धि नीति २०७४ ( पहिलो संसोधन २०८१ )
- सुनवल सामुदायिक बिकास केन्द्र , सुनवलको बस्तु तथा सेवा खरिद गर्न बनेको नियमाबली- २०७८ ( दोस्रो संसोधन २०८१ )

- सहभागीतात्मक अनुगमन तथा मुल्यांकन व्यवस्थापन नियमावली-२०७० (पहिलो संसोधन २०८१)
- कार्यस्थलमा हुने यौन दुर्व्यवहार, यौनशोषण तथा यौन उत्पीडन रोकथाम सम्बन्धी निति -२०७९ ( पहिलो संसोधन २०८१)
- सुनवल सामुदायिक बिकास केन्द्र , सुनवलको बस्तु तथा सेवा खरिद गर्न बनेको नियमाबली- २०७८ ( दोस्रो संसोधन - २०८१)

६. आ.ब. २०८१।०८२ को बाह्य लेखा परिक्षक नियुक्तिको अख्तियारी कार्यसमितिलाई प्रदान गर्ने प्रस्ताव पेश गर्दछु।

अन्त्यमा,

आफ्नो कामलाई थाती राखी हाम्रो निमन्त्रणालाई स्विकार गरि यस गरिमामय वार्षिक साधारण सभामा उपस्थित भई शोभा बढाई दिनु हुने आजका प्रमुख अतिथिज्यू, बिशिष्ट अतिथिज्यू, बिशेष अतिथिज्यूहरु, अतिथिज्यूह तथा सम्पुर्ण उपस्थित महानुभावज्यूहरुमा पुनः धन्यवाद दिन चाहन्छु । म मेरो तथा संस्थाका् तर्फबाट संस्थाको मुख्य साझेदारका रुपमा रहनुभएका युनाईटेड मिसन टु नेपाललाई सम्झन चाहन्छु साथसाथै संस्थासंगको सहकार्य तथा समन्वय गरिरहनुहुने सुनवल नगरापालिका, पाल्हिनन्दन गाँउपालिका , प्रतापपुर गाँउपालिका, अन्य संघसंसस्था, पत्रकार, समाजसेवी , प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग, सहकार्य तथा साझेदारी गर्नुहुने सम्पुर्णमा धन्यवाद व्यक्त गर्दै संस्थाको प्रगतिमा यहाँहरु सबैसंग सहयोगको अपेक्षा समेत गर्दछु । साथै संस्थाको परिकल्पना पुरा गर्न अहोरात्र खटिनुहुने संस्थाका कार्यसमिति पदाधिकारीहरु तथा सदस्यहरु एवं कर्मचारी साथीहरुलाई आभार व्यक्त गर्दे, यस वार्षिक साधारणसभाका सदस्यज्यूहरुलाई माथि उल्लेखित प्रस्तावहरु उपर छलफल गरि पारित गरिदिनुहुन गर्दछु ।

जयराम बस्याल

सचिव